जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक १९९ २०७७ साल फागुन २६ गते बुधबार (10 Mar. 2021 Wednesday) मूल्य रु.

२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- अपराध अनुसन्धान तथा अदालती काम कारवाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नावालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : किसान लगत सङ्कलन :... ३ पृष्ठमा : बर्दिवासमा भूमाफियाको... ३ पृष्ठमा :गिनी बिस्फोटमा मारिनेको ...

## जन्ती बोकेको विङ्गर दुर्घटनामा पर्दा एक दर्जन यात्री घाइते




**दैनिक समाचारदाता राजविराज, २५ फागुन ।**

सप्तरीमा जन्ती बोकेको विङ्गर दुर्घटनामा पर्दा एक दर्जन यात्री घाइते भएका छन् ।

सप्तरीको बिष्णुपुर-बसाईन सडक खण्ड अन्तर्गत बोदे बसाईन नगरपालिका वडा नं. ३ गौरामा जन्ती लिएर ना.१ ज ८९३८ नम्बर विङ्गर दुर्घटनामा परेको हो ।

मंगलबार अन्दाजी बिहान ४ बजे काचनबाट गएको जन्ती विष्णुपुर गाउँपालिका वडा नं. १ मधेपुराबाट घर फर्किने क्रममा तीव्र गतिमा रहेको विङ्गर अनियन्त्रित भई सडक छेउमा रहेका पर्खालमा ठोकिएको हो ।

सो दुर्घटनामा परि बोदे बसाईन नगरपालिका वडा नं. ८ काचन का ४५ वर्षीय बच्चालाल दास र २९ वर्षीय देव नारायण दास गम्भिर घाइते भएका छन् । उनीहरुको रुपनी गाउँपालिकास्थित

*बाँकी अन्तिम पृष्ठमा*

## श्रोत नखुलेको २ लाख ९६ हजारसहित एक पक्राउ

**दैनिक समाचारदाता राजविराज, २५ फागुन ।**

श्रोत नखुलेको २ लाख ९६ हजार रुपैयाँसहित एक यूवक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ बस्ने ३२ बर्षीय मनोज कुमार नायक रहेका छन् ।

राजबिराज नगरपालिका वडा नं. ४ स्थित सडकमा स.३ प ९५२५ नम्बरको मोटरसाइकलबाट जादै गरेका नायकलाई प्रहरीले चेकजाँच गर्ने क्रममा श्रोत नखुलेको उक्त रकमसहित आइतबार दिउँसो पक्राउ गरेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरीले चेकजाँच गर्ने क्रममा नायकसहित रकम र मोटरसाइकल समेतलाई नियन्त्रणमा लिएको छ । पक्राउ परेका नायकमाथी प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

## बलात्कार गरि फरार रहेका यूवक पक्राउ

**दैनिक समाचारदाता राजविराज, २५ फागुन ।**

सप्तरीकी ११ वर्षीया एक बालिकालाई बलात्कार गरि फरार रहेका युवक मोरङमा पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको सुरूङगा नगरपालिका ५ बस्ने २८ वर्षीय नरेश मण्डल धानुक रहेको प्रहरीले जनाएको छ ।

फागुन १९ गते बेलुकी जबरजस्तीकरणी गरी फरार भएका धानुकलाई ईलाका प्रहरी कार्यालय रानी मोरङले सोमबार राती पक्राउ गरेको जनाएको छ ।

धानुकलाई बिराटनगर नगरपालिका १५ मा लुकीछिपी हिँडडुल गरिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

पक्राउ परेका धानुकमाथी आवश्यक अनुसन्धान गर्ने कार्य भइरहेको प्रहरीले जनाएको छ ।






## सम्पादकीय

# गरिबलाई सहयोगी भावनाले हेरौं

कुनै पनि व्यक्तिलाई गरिब र धनी उसको आर्थिक अवस्थाले छुट्याइन्छ । मानिस भएर जन्म लिएपछि उसले धर्तीमा आफ्नो कर्तव्य निष्ठापूवर्क गर्नुपर्ने हुन्छ । जति महिनेत गऱ्यो उति मानिस सबल हुँदै जान्छ । आर्थिक अवस्था भने उसको काम र महिनेतले नै निर्धारण गर्दछ । गरिब हुनु कुनै मानिसको दोष होइन् । जुनसुकै पनि मानिसले सकेसम्म धन आर्जन गर्न महिनेत गर्नेगर्छन ।

गरिब भएकै कारण आर्थिक अवस्था कमजोर हुनु स्वभाविक हो । तर मानविय नाताले कुनै गरिबलाई सहयोग गर्नु मानवताको धर्म पनि हो । तर, गरिब भएकै कारण उपचार गर्न नसकेर मृत्युवरण हुनुपर्छ भन्ने कुरालाई हामीले मनन् गर्नु आवश्यक छ । सप्तरीकी एउटा महिला आर्थिक अवस्था कमजोर भएकै कारण समयमा उपचार पाउन नसकेर मृत्यु भएको छ । उसलाई कतैबाट सहयोग प्राप्त हुदैन् । सहयोग प्राप्त भएपनि ढिलो भइसकेको हुन्छ । दैनिक मजदुरी गरेर जिवनयापन गरिरहेकी ती महिलाप्रति कोही पनि संवेदनशिल भएको पाइएन । जसले सहयोग गऱ्यो उ धन्यवादको पात्र बन्यो । तर, समयमा उनले सहयोग पाएको भए पक्कै पनि उनी पनि अहिले यस संसारमा हुने थिइन् ।

तसर्थ गरिब, असहाय तथा अतिविपन्न जनताहरुप्रति सहयोग गर्ने भावना अहिले पनि थोरै मात्रामा रहेको छ । यसरी कसैलाई समयमा सहयोग गर्नु मानवताको धर्म भएकोले यसप्रति अबका दिनमा सबै सचेत हुनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# किसान लगत सङ्कलन : कृषि विकासका लागि कोसेढुङ्गा

काठमाडौँ, २५ फागुन (रासस) ।

नेपालमा कति किसान छन् भन्ने विषयमा फरक-फरक धारणा सार्वजनिक हुने गरेको छ । जिल्ला कृषि ज्ञान केन्द्र र राष्ट्रिय जनगणनाले दिएको विवरणलाई आधार मानेर तथ्याङ्क सार्वजानिक गर्ने गरिन्छ । त्यो विवरण वर्षेनि परिवर्तन हुने भए पनि अद्यावधिक हुँदैन ।

प्राप्त विवरणअनुसार हाल नेपालमा ६३ प्रतिशत मानिस कृषि पेशामा आबद्ध छन् भनिएको छ । उनीहरू आंशिक अथवा पूर्णरूपमा कृषि पेशामा आवद्ध भन्ने विवरण पनि वैज्ञानिकरूपमा भन्नसक्ने अवस्था छैन ।

किसानको वास्तविक विवरण पत्ता लगाउन प्रविधिको प्रयोग गरेर पहिलोपटक किसानको लगत सङ्कलन थालेको छ । यस अभियानलाई सरकारले 'किसान सूचीकरण व्यवस्थापन प्रणाली' नाम दिएको छ । उक्त प्रणालीले कृषि क्षेत्रको सर्वाङ्गीण विकासका लागि कोसेढुङ्गा साबित हुने कृषि क्षेत्रका जानकारहरूले बताउनुभएको छ ।

उनीहरूलाई सम्मानित कृषकका रूपमा स्थापित गर्नु उक्त प्रणालीको मुख्य उद्देश्य रहेको कृषि तथा पशुपन्छी मन्त्रालयका सचिव प्रेमनारायण कँडेल जानकारीदिनुहुन्छ ।

नेपालको संविधानले अङ्गीकार गरेको किसानका हकहित संरक्षणसम्बन्धी नीति तथा खाद्य अधिकार एवं खाद्य सम्प्रभुता ऐन २०७५ मा उल्लिखित किसान वर्गीकरणसम्बन्धी व्यवस्था कार्यान्वयनका लागि उक्त प्रणालीको विकास गरी प्रयोगमा ल्याइएको हो । मुलुकभरका किसानको अभिलेख तयार पारी परिचयपत्रमार्फत कृषकका पहिचान स्थापित गराउन शुरु भएको किसान सूचीकरण अभ्यास मुलुकका लागि पहिलो हो ।

डिजिटल नेपाल फ्रेमवर्कले कृषिलाई महत्वपूर्ण क्षेत्रका रूपमा समेटेको छ । डिजिटल प्रविधिमा आधारित रहेर किसानको अभिलेख तयार पार्न उक्त प्रणालीको विकास भएको हो । यस प्रणालीमार्फत राज्य र किसानबीच सम्बन्ध थप प्रगाढ हुने र समग्र कृषि क्षेत्रको विकास र संरक्षणमा महत्वपूर्ण योगपान पुग्ने मन्त्रालयका सहसचिव डा विमलकुमार निर्मल बताउनुहुन्छ ।

प्रधानमन्त्री केपी शर्मा ओली हालै मुलुकभर एकैसाथ उक्त प्रणालीको प्रयोग गरी अभिलेख राख्ने कामको शुभारम्भ गर्नुभएको थियो । उक्त प्रणालीको उद्देश्य एकीकृतरूपमा किसानका विवरण सङ्कलन गरी पहिचान दिलाउने र राज्यबाट किसानलाई उपलब्ध हुने सेवासुविधा तथा विकास योजनासँग आबद्ध गराउँदै समग्र कृषि क्षेत्र र किसानको विकास गर्नु रहेको छ । विद्युतीय प्रणालीमा आधारित किसानको तथ्याङ्क भण्डारण गर्ने प्रणाली प्रयोगले किसानलाई पनि सूचना प्रविधिको युगमा प्रवेश गराएको छ ।

कृषि तथा पशुपन्छीमन्त्री पद्माकुमारी अर्यालले शुभारम्भ कार्यक्रममा तीनै तहमा सञ्चालित कार्यक्रमहरू वास्तविक किसानको पहुँचमा पुग्नाका साथै किसान केन्द्रित योजना निर्माण र कार्यान्वयनमा सहजता हुने विश्वास गर्नुभएको थियो ।

कृषकको व्यक्तिगत विवरण, जमीन तथा सिँचाइको विवरण, बालीको क्षेत्र तथा उत्पादनसम्बन्धी विवरण, सहज पहुँचसहितको विद्युतीय प्रणाली, विभिन्न निकायबाट कृषकलाई प्राप्त हुने सुविधा, अनुदान, सहुलियत ऋण, उत्पादन सामग्री, कृषि उपज बिक्री वितरण, यान्त्रीकरणसम्बन्धी विवरण तथा बीमालगायत विवरण कृषकको व्यक्तिगत खातामा सञ्चय भएर बस्नेछ ।

**यसरी जान सकिन्छ सूचीकरण प्रणलीमा**

कृषि पेशामा संलग्न रहेका किसानले सरकारबाट उपलब्ध हुने अनुदान र सहायता प्राप्त गर्नका लागि किसान सूचीकरण सङ्केत नं अनिवार्य रहेकाले यस सफ्टवेयर प्रणालीमा आबद्ध हुनु जरुरी छ ।

किसान सूचीकरण नं प्राप्त गर्न कृषकले तोकिएका संक्षिप्त विवरण प्रविष्ट गर्नुपर्छ । यस प्रणालीमा प्रवेश गर्न कुनै कठिनाइ भएमा नजिकैको कृषि, पशुपन्छी तथा मत्स्यसम्बन्धी कार्यालयमार्फत आवश्यक सहयोग लिन सकिने जनाइएको छ । उक्त प्रणालीमा जान शुरुमा किसान सूचीकरणका लागि http://farmer.moald.gov.np लगइन गर्नुपर्ने छ । यहाँभित्र मागिएको विवरण प्रविष्ट गरी सूचीकरणका लागि आवेदन दिन सकिने छ । यसपछि किसानले अफ्नो व्यक्तिगत खाता प्राप्त गर्नेछन् । कृषक परिचयपत्र प्राप्त गर्नका लगि किसानले विभिन्न व्यक्तिगत विवरण भर्नुपर्ने छ ।

शुरुमा सुरक्षित युजर र पासवर्ड सृजना गर्नुपर्ने छ । 'लग इन'का लागि तपाईंको मोबाइल नम्बर र पासवर्ड अनिवार्य हुनाले सुरक्षित साथ राख्नुपर्छ । विवरणहरू नेपालीमै उपलब्ध छ । नेपाली भाषा आवश्यक हुने स्थानबाहेक अन्य स्थानमा अङ्ग्रेजी रहनेछ । यसमा गणितीय सङ्ख्या प्रविष्ट गर्दा अङ्ग्रेजी माध्यम प्रयोग गर्नुपर्ने हुन्छ ।

शुरुमा नाम ठेगाना, जिल्ला, प्रदेश कृषि पेशासम्बन्धी विवरण तथा वार्षिक औसत कति समय कृषि पेशामा आबद्ध हुने गरिएको छ, त्यो विवरणसमेत भर्नुपर्ने हुन्छ । विभिन्न चार चरणमा फारम भरेपछि भने किसानले परिचयपत्र प्राप्त गर्न सक्नेछन् ।

सरकारले उक्त प्रणालीलाई एकद्वार प्रणालीका रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्य लिएको छ । यस्तै राष्ट्रिय परिचयपत्र, नागरिक एप तथा जमीनको डिजिटल अभिलेखसँग जोड्ने योजनासमेत सरकारको छ । यसअघि सरकारले सेवासुविधा जानकारीसहितका विवरण अनलाइनबाटै प्राप्त गर्न सक्ने गरी 'नागरिक एप' ल्याइसकेको छ ।

# मानव शरीरमा १०७ मर्मस्थान, जहाँ आघात पुगे 'निधन हुनसक्छ'

काठमाडौँ, २५ फागुन (रासस) ।

मानव शरीरमा १०७ वटा जीवितीय विन्दु हुन्छ । ती विन्दुमा आघात पर्दा मानिसको निधनसमेत हुनसक्ने भएकाले यस विषयमा जानकारी गराउन तीन दिने मर्म चिकित्सासम्बन्धी तालिम शुरु भएको छ ।

राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र कीर्तिपुरले सोमबारदेखि तीनदिने मर्म चिकित्सासम्बन्धी तालिम शुरु गरेको हो । आयुर्वेद स्वास्थ्य संस्थाका ३० कविराज र वैद्यलाई सोमबारदेखि तालिम शुरु गरिएको केन्द्रका कार्यकारी निर्देशक डा रामआधार यादवले राससलाई जानकारी दिनुभयो ।

प्राचीनकालमा मर्मस्थानमा कवच लगाएर सुरक्षा गर्ने गरिएकामा हाल यी स्थानको ज्ञानको अभावमा चोटपटक लाग्दा मानिसको एक्कासि निधनसमेत हुने गरेको छ । कसैलाई जानेर वा नजानेर मर्मस्थानमा हिर्काउँदा तत्कालै निधन भई पश्चाताप गर्नुपर्ने घटना पनि भएका छन् । यही विषयमा जानकारी गराउन मर्म चिकित्सासम्बन्धी तालिम शुरु गरिएको हो ।

दुवै हातमा ११/११ गरी २२ वटा मर्मस्थान हुन्छन् । यसैगरी गोडामा पनि ११/११ गरी २२ नै मर्मस्थान हुन्छन् । यसैगरी पेट र छातीमा १२ मर्मस्थान हुन्छन् । ढाडको भागमा १४ मर्मस्थान हुन्छन् । घाँटीभन्दा माथि ३७ मर्मस्थान हुन्छन् । तिनलाई ऊर्ध्वजत्रुगत मर्म भनिन्छ ।

यसैगरी मानव शरीरमा सध: प्राणहर मर्म १९ वटा हुन्छन् । दुर्घटना वा चोटपटकका क्रममा यहाँ आघात परे घटनास्थलमै मानिसको निधन हुनसक्छ । यस्ता मर्मस्थान टाउकामै सातवटा रहेको कार्यकारी निर्देशक यादवले बताउनुभयो । यसैगरी घाँटीमा आठ यस्ता मर्मस्थान छन् । गुदा क्षेत्रमा एउटा यस्तो मर्मस्थान छ । शरीरमा क्लान्तर प्राणहर मर्म ३७, विशल्यघ्न तीन, वैकल्य कर ४४ र रुजाकर नामका मर्मस्थान आठवटा हुन्छन् । मर्मस्थानमा प्राणको बास हुने भएकाले आघातका क्रममा मृत्युसमेत हुने गरेकाले चिकित्सकमार्फत मानवसमुदायलाई जानकारी गराउन लागिएको हो । यससम्बन्धी ज्ञान भएमा स्नायु प्रणालीका कारण शरीरमा लाग्न सक्ने रोगबाट बच्न सकिने भएकाले तालिम आयोजना गरिएको केन्द्रले जनाएको छ ।

**गुर्जोको उपयोगिता र विशेषता पनि सिकाइँदै**

तालिममा मानव शरीरमा रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्ने वनस्पति गुर्जोको उपयोगिता, विशेषता र महत्वसमेत सिकाइएको छ । तालिममा सातै प्रदेशका गरी ३० आयुर्वेद स्वास्थ्यकर्मीको सहभागिता छ । तीनदिने तालिम उद्घाटन समारोहमा आयुर्वेदिक वनस्पति गुर्जोका विषयमा विशेष छलफल भएको छ । कार्यक्रममा गुर्जोबाट बनेको औषधि धुलो र चियासमेत वितरण गरिएको छ ।

कार्यक्रममा गत वर्ष चैतदेखि कोरोनाबाट बच्न गुर्जोको धुलो र चिया लिएर हिँड्नुभएका अभियानकर्मी कमलबहादुर राजलवटले उपयोगिता, विशेषता र महत्वका बारेमा जानकारी गराउनुभएको थियो । उहाँले कार्यक्रममा सहभागी ५० जनालाई औषधीय गुणले युक्त गुर्जोका सामग्री हस्तान्तरण गर्नुभएको थियो ।

सो अवसरमा राष्ट्रिय योजना आयोगका सहसचिव एवं योगगुरु किशोर जोशीले तालिमका सहभागीलाई योग गराउनुभएको थियो । आयुर्वेद र योगलाई नागरिकको स्वास्थ्य सुधारका लागि उपयोग गरिने केन्द्रले जनाएको छ । आयुर्वेदका चिकित्सक एवं स्वास्थ्यकर्मीलाई योग शिक्षकका रूपमा पनि जिम्मेवारी दिनेगरी तालिम दिनुपर्नेमा जोड दिइएको थियो ।

यसैबीच नेपाल उद्योग वाणिज्य महासङ्घ बनेपा शाखाको ४१औं वार्षिक साधारणसभाको अवसर पारेर करिब ५०० जनालाई गुर्जोको धुलो र चिया खुवाइएको उहाँले जानकारी दिनुभयो । विसं २०७७ वैशाखदेखि चलाएको गुर्जोको बेर्ना वितरण हालसम्म एक लाख ५० हजारभन्दा बढीकहाँ पुगिसकेको छ । पाँच हजारभन्दा बढी कोरोना पोजिटिभ भएकालाई गुर्जोको चिया खुवाउने, धुलो औषधि वितरण भएको छ । गुर्जोको नियमित सेवनले रोग प्रतिरोधात्मक क्षमता बढ्ने, शरीरमा बल प्रदान गर्ने, शरीरको विकारलाई बाहिर निकाली स्वस्थ बनाउने काम गर्छ ।

गर्भवती महिला र पाँच वर्षभन्दा मुनिका बालबालिकाले भने गुर्जोबाट बनेका परिकार सेवन गर्न नहुने जनाइएको छ । आयुर्वेद शास्त्रको 'यस्य देशस्य यो जन्तोः तस्य तद् औषधं हितम्' अर्थात् जुन स्थानमा मानिस जन्मन्छ, उसलाई औषधिको काम गर्ने वनस्पति त्यहीँ हुन्छ भन्ने सिद्धान्तका आधारमा गुर्जोजस्ता ओषधीय गुणले युक्त वनस्पतिको संरक्षण गरिनुपर्ने उहाँले बताउनुभयो ।

हिमालयका काखमा रहेको नेपाली वनपाखामा धेरै किसिमका औषधीय गुणले युक्त जडीबुटी एवं वनस्पति भए पनि तिनको सदुपयोग हुनसकेको छैन । कतिपय जडीबुटी, वनस्पति चोरी निकासी भई त्यसमा रासायनिक पदार्थ मिलाएर बनाइएको आधुनिक औषधि नेपालमा भित्रने गरेको अभियानकर्मीको गुनासो छ । यसले ठूलो धनराशि विदेशिने गरेको छ । आयुर्वेदिक औषधि बनाएर बिक्री वितरण गरे त्यो पैसा स्वदेशमै बस्नेछ ।

आयुर्वेद अस्पताल र औषधालयलाई प्रवर्द्धन गर्न खोज अनुसन्धानमा जोड दिनुपर्ने चिकित्सक आचार्यको भनाइ छ । आयुर्वेद औषधि उत्पादन गर्ने सिंहदरबार वैद्यखाना विकास समितिसमेत निरन्तर ओरालो लागेकाले सरोकार भएका निकायको ध्यान जानुपर्ने अभियानकर्मीको भनाइ छ ।

यस वर्ष वर्षात्का सयमा वाग्मती नदी किनारमा पनि हजारौँको सङ्ख्यामा गुर्जोको बिरुवा रोपिएको छ । गुर्जो अभियानकर्मी राजलवटले उपलब्ध गराउनुभएको बिरुवा वाग्मती, रुद्रमती, विष्णुमती, मनोहरा, हनुमन्तेलगायत नदी विभिन्न स्थानका सफाइ अभियानकर्मीले रोपेका छन् । उपत्यकाका धेरै स्थानमा एक घरमा एक गुर्जोको बिरुवा रोप्न पुग्ने गरी निःशुल्क वितरण भएको छ ।

देशभर एक घर एक गुर्जोको बिरुवा रोप्न पुग्ने गरी वितरण गर्ने गुर्जो अभियानकर्मी राजलवटको प्रतिबद्धता छ । शनिबार र बिदाका दिन छुट्टी नमनाई अभियानकर्मी राजलवट निःशुल्क गुर्जो वितरण गर्दै हिँड्नुहुन्छ । माग गर्ने जतिलाई निःशुल्क गुर्जोको बिरुवा दिन तयार रहेको उहाँले सार्वजनिक घोषणा गर्दै आउनुभएको छ । यस वर्ष पनि वर्षात्मा गुर्जोको बिरुवा रोप्नलाई वितरण गरिने अभियानकर्मी राजलवटले बताउनुभयो । यसका लागि धुलिखेलमा बेर्ना रोपिएको छ ।

# बर्दिवासमा भूमाफियाको जगजगी

महोत्तरी, २५ फागुन (रासस) ।

महोत्तरीको बर्दिवास नगर क्षेत्रमा सरकारले सुकुम्बासी र अव्यवस्थित बसोबासी जग्गा व्यवस्थित गर्न थालेसँगै भूमाफियाहरूको जगजगी बढेको छ । सरकारले बर्दिवास नगरपालिकासँगको सहकार्यमा वर्षौंदेखि पर्ति र ऐलानी जग्गामा घर बनाएर बसेका सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन गरेर जग्गाधनी प्रमाणपुर्जा दिने तयारी थालेसँगै यहाँ भूमाफियाको जगजगी ह्वात्तै बढेको हो ।

नगरका वडा बस्तीमा सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन थालिएसँगै भूमाफियाले नदीउकास, पर्ति, ऐलानी र वन क्षेत्रका जग्गामा समेत साँध सीमा लगाएर जग्गा कब्जा गर्दैछन् । यसरी कब्जा गर्ने क्रम नदीउकास जग्गा र वन क्षेत्रमा बढी देखिएको बर्दिवास-१ का सामाजिक, राजनीतिक कार्यकर्ता शङ्कर फुँयाल बताउनुहुन्छ ।

"हेर्नोस् न, रातु पुलदेखि दक्षिण-पश्चिमको नदीउकास जग्गामा साँध सीमाका पिलर (खाँबा) ठडिएका छन्, नेवारडाँडा, कामीडाँडा वन क्षेत्रको जग्गामा धमाधम घर ठडिने क्रम बढेको छ", फुँयालले भन्नुभयो, "सरकारले सुकुम्बासी र वर्षौंदेखि भोगचलन गर्दै आएका गरिबलाई व्यवस्थित गरिने भन्दै लगत सङ्कलनको काम थालेसँगै अतिक्रमण ह्वात्तै बढेको छ ।" नगरपालिका र सरकारले गठन गरेको भूमि समस्या समाधान आयोगले भूमाफियाको चलखेल रोक्न केही गर्दैछ भन्ने नदेखिएको फुँयालको थप गुनासो छ ।

"अन्तको कुरा छाड्नोस् न, बर्दिवास-१ र ३ मा पर्ने नेवारडाँडा कामीडाँडा वन क्षेत्रकै अतिक्रमित १६ बिघे कित्ताभित्र हेर्नोस, पार्टीका ठूलाबडा नेता, उपल्लो तहका हाकिम र ठाटबाँट देखाउने व्यापारीले कब्जा गरेर मोटो रकम लिँदै सोझासाझालाई फसाउँदैछन्", फुँयालले भन्नुभयो, "वन क्षेत्र अतिक्रमण गर्न गराउन वनसम्बद्ध अधिकारी, पूर्वहाकिम र राजनीतिक दलका ठूलाबडा नै छन् ।"

जम्मा १४ वडामा विभाजित बर्दिवास नगरपालिका जिल्लाको मुख्य वन क्षेत्र ओगट्ने नगर भए पनि वन क्षेत्रको सुरक्षामा नगर नेतृत्वको चासो नदेखिएको यहाँका सर्वसाधारणसमेत टिप्पणी गर्छन् । "जिल्लामा ७० जति सामुदायिक वन क्षेत्र, धार्मिक वन क्षेत्र र सागरनाथ वन विकास परियोजनाका प्लट अतिक्रमित भएका छन्", बर्दिवास-२ का बासिन्दा स्थानीय सामाजिक, राजनीतिक कार्यकर्ता देवनारायण महतो भन्नुहुन्छ, "तर वनसम्बद्ध कार्यालय होउन् कि स्थानीय तहको नेतृत्व होस्, कानमा तेल हालेर बसेको देखिन्छ ।" जिल्लामा सामुदायिक, साझेदारी, धार्मिक र सागरनाथ वन विकास परियोजनाको समेत गरी करिब २४ हजार हेक्टर क्षेत्रफलको वन क्षेत्र अहिले अतिक्रमणको चपेटाले १६ हजार हेक्टरभन्दा तल खुम्चिएको महतो बताउनुहुन्छ ।

जिल्लामा बर्दिवास र गौशाला नगरपालिका पूर्वपश्चिम राजमार्गसँग जोडिएको क्षेत्रको दायाँबायाँ मुख्य वन क्षेत्र छ । चुरेडाँडासम्मको वन क्षेत्रका जग्गा अतिक्रमणको चपेटामा परेका छन् । यसबाहेक नदीले बहाव छाडेको उकासक्षेत्र भूमाफियाको चपेटामा परेको बर्दिवास-१४ का बासिन्दा ६० वर्षीय हरि दाहालको भनाइ छ ।

बर्दिवास नगर क्षेत्रमा पर्ति, ऐलानी, नदीउकास र वन क्षेत्रको जग्गामा अतिक्रमण बढेको गुनासो बढिरहेबीच बर्दिवास नगर कार्यपालिकाले यस्ता जग्गाको संरक्षणबारे चासो बढाएको जनाएको छ । नगरप्रमुख विदुरकुमार कार्कीले एक महिनाअघि गत माघ २५ गतेको नगर कार्यपालिकाको निर्णयले वन क्षेत्रको सुरक्षाका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने र पर्ति, ऐलानी र नदीउकास जग्गा छुटट्याएर सार्वजनिक सरोकारमा उपयोग गरिने गरी नापी गर्ने निर्णय भएको जानकारी दिनुभयो ।

"वन क्षेत्रको जग्गा अतिक्रमण भएका सूचना र गुनासा बढेका छन्, वनसम्बद्ध निकायसँगको समन्वयमा तिनको खोजी गरिनेछ", नगरप्रमुख कार्कीले भन्नुभयो, "जनताले यसअघि घरबास नगरेका र खनजोत नगरेका पर्ति, ऐलानी र नदीउकास जग्गा अब नापी गरिने छ ।" नगर कार्यपालिकाले वडापिच्छे चौहद्दी नै तोकेर यस्ता जग्गामा हुने दक्खल सह्य नहुने र कारवाहीबाट जग्गा खाली गराइने निर्णय गरेको नगरप्रमुख कार्कीको भनाइ छ ।

"नगर क्षेत्रभित्र ५०० बिघाभन्दा बढी यस्ता जग्गा छन्, सबैको वैज्ञानिक लगत अभिलेख बनाएर सरकारी कार्यालय, विद्यालय तथा अन्य सामाजिक सङ्घसंस्थाका कार्यालय बनाउन जग्गा उपलव्ध गराइने नीति बनाइएको छ", नगरप्रमुख कार्कीले भन्नुभयो, "हामी सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा स्वामित्व दिन लागिपरेका छौँ तर यो क्रममा भूमाफियाको चलखेल नियन्त्रण गरिनेछ ।"

बर्दिवास अहिले प्रदेश नं २ को विभिन्न प्रशासनिक कार्यालय, सरकारी कार्यालय, शैक्षिक सङ्घसंस्था र स्वास्थ्य सेवाको मुख्य ठाउँ बन्दै गएको छ । यस्ता कार्यका लागि सार्वजनिक जग्गा उपयोगमा ल्याइने नगरप्रमुख कार्कीको भनाइ छ ।

नगरपालिकाले सार्वजनिक जग्गाबारे संरक्षण र उपयोगको चासो बढाएपछि यहाँ अब यस्ता जग्गाको खोजी र संरक्षण हुने आश भने पलाएको छ । नगरपालिकाले संस्थागत निर्णय नै गरेर यसबारे चासो देखाएपछि अब भूमाफियाको चलखेल रोकिने आश पलाएको बर्दिवास-२ का बासिन्दा तारानाथ आचार्यको भनाइ छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (**समृद्धि**)

Government of Nepal

IFAD
Investing in rural people

## नि:शुल्क व्यवसायिक सीप तालिम तथा रोजगारीको अवसर

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) को आर्थिक सहयोगमा तह १ को नि:शुल्क तालिम शुरु हुनगइरहेको छ । तालिम पछि त्यसलाई नै पेशा बनाएर रोजगारी गर्न चाहने बेरोजगार महिला तथा पूरुष, वैदेशिक रोजगारबाट फर्किएका, आर्थिक बिपन्नता र सामाजिक रुपमा बिभेदमा परेका ईच्छुक बेरोजगार व्यक्तिहरुलाई फाराम भर्न अनुरोध गरिन्छ ।

**आवेदकको योग्यता र प्राथमिकताका आधारहरू :**

उमेर : १८ देखि ४० वर्ष (२५ प्रतिशत प्रशिक्षार्थीहरू ४० वर्ष भन्दा माथिका पनि हुन सक्नेछन्)

आधारभूत योग्यता : आयोजनाको कार्यक्षेत्र भित्रका जिल्ला/गाउँ/नगरपालिका भित्रका आर्थिक रुपमा विपन्न र तालिम पश्चात् सोही पेशामा रोजगारी गर्न चाहने युवाहरु

शैक्षिक योग्यता : शैक्षिक योग्यताको बन्देज भने पाठ्यक्रममा तोकिए बमोजिम हुने र यो अवसर विद्यालय/विश्वविद्यालयमा नियमित अध्ययनरत विद्यार्थीहरूका लागि भने होइन ।

प्राथमिकता : महिला, वैदेशिक रोजगारबाट फर्किएका वा बैदेशिक रोजगारीमा रहेकाको परिवारका सदस्य र आर्थिक रूपले विपन्न तथा सामाजिक रूपले विभेदमा परेका समुदायका युवाहरु ।

**आबेदन फारामसंग संलग्न गर्नु पर्ने काजजातहरु**

१. नागरिकताको प्रमाण पत्र वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्रको प्रतिलिपि ।
२. हालसालै खिचेको पासपोर्ट साइजको फोटो एक प्रति ।
३. यदि आवेदक विषेश अवस्थाका भएमा सो अवस्था खुल्ने कागजपत्रहरुको प्रतिलिपि ।

**तालीम सम्वन्धि विवरण:**

| सिनं | तालिमको विषय | आवश्यक संख्या | जिल्ला | पालीका | तालीम हुने वडा तथा टोल |
|---|---|---|---|---|---|
| १ | सहायक व्यूटिशियन | २० | रौतहट | गरुडा नगरपालिका | पछि तोकिने |
| २ | सहायक व्यूटिशियन | २० | सप्तरी | राजविराज नगरपालिका | |
| ३ | सहायक व्यूटिशियन | २० | सप्तरी | खडक नगरपालिका | |

फारम पाइने र पेश गर्नुपर्ने स्थान : सम्वन्धित पालीकाको कार्यालय तथा वडा कार्यालयहरु र मेघा मल्टि पर्पोज ट्रेनिङ्ग ईस्टिच्यूट प्रा.लीको कार्यालय गरुडा, रौतहट र सप्तरीको कार्यालय राजविराज र खडकमा

तालिम तथा रोजगार सेवा सेवाप्रदायक संस्थाको पुरा नाम र ठेगाना : मेघा मल्टिपर्पोज ट्रेनिङ्ग ईस्टिच्यूट प्रा.ली गरुडा, रौतहट

फारम बुझाउने अन्तिम मिति : २०७७११२।०५

तालिम शुरु हुने मिति : .२०७७११२।१५ तालिम समापन मिति: २०७८।०३।१४ तालिम अवधि : ३९० घण्टा (६५ दिन)

तालिमका लागि सम्पर्क व्यक्ति: अशोक सुनार/अशोक साह, टेलिफोन/मोबाइल नम्बर:

०५५-५६५४१६/९८४८७४४७३७/९८१६४६२३२६/९८५२८२१५४१, ०३१-५२३४४१, ९८०४७४२८९६.

Megha Multipurpose Training Institute Pvt. Ltd.
MEGHA
Garuda, Rautahat

HELVETAS NEPAL
प्राविधिक सहयोग

## विश्व समाचार

# गिनी बिस्फोटमा मारिनेको संख्या ९८ पुग्यो, ६१५ घाइते

याउन्डे, २५ फागुन (रासस/सिन्ह्वा) ।

अफ्रिकी मुलुक इक्वेटोरियल गिनीको सबैभन्दा ठूलो शहर बाटामा भएको बिस्फोटमा मारिनेको संख्या ९८ जना पुगेको अधिकारीले बताएका छन् ।

गिनीको स्वास्थ्य मन्त्रालयका अनुसार उक्त दुर्घटनामा अरु ६१५ जना घाइते भएका छन् ।

मन्त्रालयले घाइतेमध्ये ३१६ जना अस्पतालबाट डिस्चार्ज भएका छन् भने २९९ जना अस्पतालमा उपचार गराइरहेको जनाएको छ ।

बाटास्थित एन्कोआन्टोमा सेनाको ब्यारेकमा राखिएको बिस्फोटक पदार्थमा आइतबार अपराह्न आगो लागेपछि उक्त दुर्घटना भएको थियो । किसानले खेतमा बालेको आगो सैन्य शिविरभित्र पनि फैलिएको थियो ।

घाइतेको संख्या धेरै भएपछि स्थानीय स्वास्थ्य संस्थाले सर्वसाधारणलाई रक्तदान गर्न आह्वान गरेका थिए । बाटामा रहेको चिनियाँ स्वास्थ्य टोलीले घाइतेको उद्धारमा सहयोग गर्नुका साथै चिकित्सा उपकरण स्थानीय अस्पताललाई उपलब्ध गराएको थियो ।

बिस्फोट स्थलको आगो सोमबार अपराह्नसम्ममा नियन्त्रणमा ल्याइएको थियो । गिनीको बाटा शहर सबैभन्दा बढी मानिसको बसोबास रहेको स्थान हो ।

# सेनाको कारबाहीमा २१ तालिबान लडाकू मारिए

काबुल, २५ फागुन (रासस/सिन्ह्वा) ।

अफगानिस्तानको दक्षिणी कान्दाहार प्रान्तमा सरकारी सुरक्षाफौजले गरेको कारबाहीमा २१ जना तालिबान लडाकू मारिनुको साथै अन्य १३ जना घाइते भएका छन् ।

तालिबान लडाकू लुकेर बुसेको इलाकालाई लक्ष्यगरी गरिएको यस सैनिक कारबाहीलाई सघाउन अफगान हवाईबलले पनि मद्दत गरेको सेनाले मङ्गलबार प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ । विज्ञप्तिका अनुसार कान्दाहारको आर्घान्दाब र झारी जिल्लालाई लक्ष्यगरी सो कारबाही भएको थियो ।

कारबाहीको क्रममा सेनाले विद्रोही तालिबानले योजना गरेको बारुदी सुरुङ र विस्फोट पदार्थ गरी २२ ओटा निष्क्रिय बनाउनुको साथै अन्य हातहतियार समेत बरामद गरेको जनाएको छ ।

सेनाले खोज तथा घेराबन्दी सैन्य कारबाही थालेपछि विद्रोही तालिबानको बलियो उपस्थिति रहेको कान्दाहारमा सुरक्षा व्यवस्थामा पछिल्ला केही महिनादेखि निकै सुधार आएको छ ।

विद्रोहीले सरकारका खासखास स्थान र व्यक्तिमाथि साङ्घातिक आक्रमण गरिरहेका छन् ।तालिबान समूहले भने उक्त घटनाका बारेमा केही प्रतिक्रिया जनाएका छैनन् ।

# भारतमा एक करोड १२ लाख २९ हजारभन्दा बढी कोरोना संक्रमित

नयाँदिल्ली, २५ फागुन (रासस/सिन्ह्वा) ।

भारतमा गत २४ घण्टामा १५ हजार ३८८ जनामा कोभिड-१९ को सङ्क्रमण देखिएपछि कुल कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड १२ लाख ४४ हजारभन्दा बढी पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जनाएको छ ।

भारतमा गत २४ घण्टामा कोभिड-१९ सङ्क्रमणको कारण ७७ जनाको मृत्यु भएपछि कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५७ हजार ९३० जना पुगेको छ । हाल भारतमा एक लाख ८७ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन् । केही दिनयता भारतमा सक्रिय सङ्क्रमितको संख्या बढेको पाइएको छ ।

यसैबीच कोभिड-९९ को सङ्क्रमण शुरु भएयता भारतमा हालसम्म एक करोड आठ लाख ९९ हजारभन्दा बढी कोरोना भाइरस मुक्त भएका छन् ।

भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको थियो । सो समयदेखि हालसम्म देशभरी दुई करोड ३० लाख व्यक्तिले खोप लगाइसकेका छन् ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले मङ्गलबारसम्म देशभर २२ करोड २७ लाख दुई हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ । हिजो सोमबार एकै दिनमा सात लाख ४८ हजार ५२५ जनाको कोभिड-१९ परिक्षण भएको पनि समाचारमा जनाइएको छ ।

# ८३ प्रतिशत जनताका पहुँचमा इन्टरनेट सेवा

काठमाडौँ, २५ फागुन (रासस)।

नेपालमा दुई करोड ४७ लाख ३५ हजार जनसङ्ख्याका पहुँचमा इन्टरनेट सेवा पहुँच पुगेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले हालै यहाँ सार्वजनिक गरेको चालु आर्थिक वर्षको छ महिनाको तथ्याङ्क अनुसार मङ्सिर मसान्तका तुलनामा पुस महिनामा तीन लाख ८८ हजार बढी प्रयोगकर्ता थपिएका छन्। मङ्सिरमा कूल २ करोड ४३ लाख ४७ हजार १५७ जनाको पहुँचमा इन्टरनेट सेवा थियो।

कूल जनसङ्ख्यामध्ये ८२ दशमलव ७९ प्रतिशत जनताका पहुँचमा इन्टरनेट सेवा पुगेको तथ्याङ्कमा उल्लेख छ। प्राधिकरणले जनसङ्ख्या प्रक्षेपण (२०११-२०३०) लाई आधार मानेर प्रतिवेदन तयार पारेको हो। प्रतिवेदनमा प्राधिकरणले नेपालको कूल जनसङ्ख्या दुई करोड ९८ लाख ७६ हजार ५३१ लाई आधार बनाएको छ।

प्राधिकरणको तथ्याङ्क अनुसार सबैभन्दा धेरै योगदान मोबाइल इन्टरनेटको रहेको छ। गत पुससम्म मोबाइल इन्टरनेटको हिस्सा ६० दशमलव ३४ प्रतिशत छ। एक करोड १२ लाख बढीको पहुँचमा थ्रिजी इन्टरनेट पुगेको र यसमा सबैभन्दा धेरै नेपाल टेलिकमको ८६ लाख ३४ हजार र एनसेलको २५ लाख ६६ हजार रहेको जनाइएको छ। त्यस्तै फोरजी प्रयोगकर्ता ६६ लाख ८९ हजार १०३ र इभिडियो प्रयोगकर्ता १ लाख ३६ हजार पाँच सय ७३ रहेका छन्।

प्राधिकरणको तथ्याङ्क अनुसार फोरजीको प्रयोगकर्तामध्ये सबैभन्दा धेरै एनसेलका रहेका छन्। गत पुस मसान्तसम्म एनसेलका फोरजी प्रयोगकर्ता ४० लाख ८६ हजार १३९ रहेका छन्। नेपाल टेलिकमका फोरजी प्रयोगकर्ता २३ लाख ८३ हजार २५६ र स्मार्ट टेलिकमका २ लाख १९ हजार रहेका छन्। यस्तै फिक्स ब्रोडब्याण्डको हिस्सा २१ दशमलव ६८ प्रतिशत छ। यसमा एडिएसएलका ८ लाख ६४ हजार र एफटिटिएच इन्टरनेट ५६ लाख ११ हजार रहेका छन्।

### जन्ती बोकेको ...

युनिक हस्पिटलमा उपचार भईरहेको छ।

यस्तै सोही नगरपालिकाका २३ बर्षीय रबिन कुमार दास, ५० बर्षीय राम दास, ३५ बर्षीय शिव कुमार दासको स्थानीय एडभान्स क्लिनिक कल्यणपुरमा र २२ बर्षीय शंकर साह, २५ बर्षीय बिजय कुमार यादव, गाडि चालक २५वर्षीय मुकेश कुमार चौधरीको उपचार छिन्नमस्ता हस्पिटल राजविराजमा र ३० बर्षीय जय प्रकास साह, २३ बर्षीय चन्देश्वर साह, १७ बर्षीय तेज कुमार दास, १८ बर्षीय दिपक कुमार यादव, १८ बर्षीय कृष्ण कुमार दास, १९ बर्षीय उमेश कुमार यादवको स्थानीय क्लिनीमा उपचार भईरहको ईलाका प्रहरी कार्यालय बोदे बसाईनले जानकारी दिएको छ।

# स्वच्छताका लागि व्यवहार परिवर्तन कार्यक्रम लोकप्रिय बन्दै

**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन।**

सप्तरीको तिरहुत गाँउपालिका र कंचनरुप नगरपालिकाका गरिब, दलित, विपन्न र पिछडिएका अशिक्षित समुदाय अहिले जागरुक बन्दै गएका छन्।

कोरोना अर्थात कोभिड-१९ को असर विश्वब्यापीरुप देखि स्थानीय स्तरसम्म आउँदा यसबाट कसरी बच्ने र आफन्त छिमेकीलाई पनि कसरी बचाउने भन्ने सामान्य ज्ञान पनि नभएर त्रासमा बस्न बाध्य स्थानीयवासिन्दा अहिले कोरोना जोखिमबाट बच्ने सवै उपाय सिकेका मात्र छैनन्। व्यवहारमा लागु गर्दै आफन्त, छिमेकीदेखि वस्तीलाई नै सचेत गराउन सक्षम भएका छन्।

कोभिड-१९को जोखिमलाई ध्यानमा राख्दै कोशी पीडित समाज र अक्सफाम नेपालको संयुक्त साझेदारीमा विगत १० महिनादेखी ती स्थानीय तहको वडा वडामा स्वच्छताका लागी व्यवहार परिवर्तन परियोजना घनिभुत रुपमा संचालनमा ल्याइएपछि सो क्षेत्रका बासिन्दा सक्षम भएका हुन्।



तालिमको माध्यमले सीप र सचेतना मात्र होईन, लक्षित समुदायलाई कोरोनाबाट लड्न विभिन्न सुरक्षा सामाग्री समेत उपलब्ध गराइएपछि यसको सदुपयोग गर्दै स्थानीय हजारौं वासिन्दा लाभान्वित भएका छन्।

कोरोनाको त्रासमा बाचेकाहरुको टुट्दै गएको मनोबल र मनोविज्ञान बुझ्दै संस्थाले वस्ती वस्तीमा पुगेर मनोविज्ञ मार्फत मनोसामाजिक परामर्श तथा वास्तविक जीवनको सिकाई लगायतका कक्षा पनि संचालन गर्दा कार्यक्रम झन उपयोगी बनेको स्थानियवासी सुनितादेवी साहको भनाई छ।

उक्त कक्षा संचालनमा आएपछी कोरोनाको त्रासका कारण मानसिक पीडामा रहेका स्थानीयको पीडा कम हुँदै गई जनजिवन सामान्यतर्फ उन्मुख भएको मनोसमाजिक परामर्शदाता एवं सहजकर्ता सुमन गुप्ताको भनाइ छ।

युकेऐड र युनिलिभरको सहयोगमा उक्त परियोजना हाल सप्तरीको तिरहुत गाउँपालिकाको वडा १, २, ३, ४ र ५ का १ हजार परिवार तथा कंचनरुप नगरपालिकाको वडा १, २, ४, ५, ७, ९ र १० का १ हजार ५ सय परिवार प्रत्यक्ष लाभाविन्त भएको वडा अध्यक्ष मेहदी हुसैन बताउछन्।

संस्थाले परियोजना अर्न्तगत आमाका चमत्कारी हातहरु, वास्तविक जीवनको सिकाइ, समुदायमा पुरुष संलग्नता, हात धुने अभ्यास, हेल्पडेस्कको स्थापना, चित्रकला प्रर्दशनी र प्रतियोगिता, लैगिंक सचेतना, सडक नाटक लगायतका सचेतनामुलक कार्यक्रमका साथै रेडियो, टिभी, पत्रपत्रिका र पर्चा पम्प्लेट मार्फत समेत ब्यवहारमा परिवर्तनको वातावरण सहज बनाउने काम गरिरहेको छ।

सबैको सकारात्मक सहयोग र उत्साहजनक सहभागिताले लक्षित समुदायमा प्रभावकारी ढंगले काम गर्न सफलता मिलेको परियोजना आयोजक संस्थाका कार्यकारी निर्देशक देव नारायण यादवको भनाई छ।

उक्त कार्यक्रमले कोरोना सिर्जीत विपद्को समयमा त्रासबाट मुक्ती, आनीवानीमा सुधार एवं ब्यवहार परिवर्तनमा पनि उल्लेख्नीय योगदान गरेको छ। मुख्यत आमा, महिलाहरुमा सिक्ने र जान्ने अवसरका साथै लैगिक सचेतना र घरायसी कामकाजमा पुरुषको सहभागिता र कामकाज वाँडफाडको चेतनाको विकास समेत गराएको देखिएको भन्दै स्थानिय बुद्धिजिविले यस्ता कार्यक्रमलाई अन्य स्थानिय तहहरुमा बिस्तार गर्नुपर्ने जोड दिएका छन्।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस्।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको
स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np